**नेपाल सरकार**

***विद्युत नियमन आयोग***

**सानोगौचरण, काठमाडौँ**

## घर भाडामा लिने सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०४/०८**

यस आयोगको कार्यालयको प्रयोजनका लागि तपशिल बमोजिमको घर भाडामा लिनुपर्ने भएकाले घर भाडामा दिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट तपशिलमा उल्लेख भएको शर्त बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ (तेह्रौ संसोधन) को नियम ९४ को उपनियम (१) बमोजिम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समय भित्र देहायका विवरणहरु स्पष्ट रुपमा खुलाई मासिक भाडा रकम उल्लेख गरि निम्न ठेगानामा सम्पूर्ण उल्लिखित कागजात सहितको सिलवन्दी प्रस्ताव पेश गर्नुहुन आह्वान गरिएको छ।

**तपशिल:**

१) भाडाका लागि प्रस्तावित घर वा फ्ल्याटको खुद क्षेत्रफल ८००० देखि ८५०० वर्ग फिट (कुल प्रयोग योग्य ६५०० देखि ७५०० वर्ग फिट ) बराबरको हुनुपर्ने साथै वि.सं. २०७२ पछि निर्माण गरिएको भूकम्प प्रतिरोधात्मक मापदण्ड पुरा गरेको आर.सी.सी. पक्की घर हुनु पर्नेछ।

२) सिंहदरबारबाट सडक दुरी २ कि.मि भित्र रहेको काठमाडौँ वा ललितपुर जिल्लाको क्षेत्र र मुख्य बाटोसँग जोडिएको घर हुनु पर्नेछ।

३) कम्तिमा २५ वटा चार पाङ्ग्रे र ३० वटा दुइ पाङ्ग्रे सवारी साधन अट्ने पार्किङ स्थल भएको हुनु पर्नेछ।

४) घर सहितको पार्किङस्थल/ खुल्ला क्षेत्र सुरक्षित कम्पाउण्ड वालले घेरिएको, सुरक्षा गार्ड, लिफ्ट, सि.सि.टि.भी. र कम्तीमा दुई तर्फ खुल्ला भई उपयुक्त भेन्टिलेशन र उज्यालो, पानीको सुविधा तथा ट्वाइलेटको उचित व्यवस्था हुनु पर्नेछ।

५)प्रस्तावमा घरभाडामा दिने न्यूनतम अवधि खुलाइएको तथा सो अवधि पछि घरभाडा सम्झौता नवीकरण गर्न सकिने व्यवस्था भएको हुनु पर्नेछ।

६) आधारभूत आवश्यकता जस्तै हस्पिटल, पेट्रोल पम्प, ग्यारेज आदि र सुरक्षा निकाय १ कि.मि भित्र भएको हुनु पर्नेछ।

७) प्रचलित कानुन बमोजिम परेका दरखास्तहरु स्वीकृत गर्ने/नगर्ने अधिकार आयोगलाई निहित रहने छ।

८) म्याद समाप्त भएपछि प्राप्त भएको वा रित नपुगेको निवेदन उपर कारवाही हुने छैन।

९) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ को उपनियम (४) बमोजिम गठित घरभाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा मात्र घर भाडामा लिइनेछ। उक्त निर्धारित भाडा दरमा प्रचलित कानून बमोजिम कर कट्टी गरी भुक्तानी गरिनेछ।

१०) यसमा माथिका शर्त बाहेक अन्य बिषय प्रचलित कानुन बमोजिम हुन्छ।

**आवश्यक कागजात:**

१) जग्गाधनी दर्ता प्रमाण पत्रको प्रतिलिपि।

२) जग्गाधनीको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।

३) कम्पनी दर्ता प्रमाण पत्र, शेयर लगतको प्रतिलिपि (फर्म वा कम्पनीको हकमा मात्र)।

४) कित्ता नं. स्पष्ट देखिएको नापी नक्शाको प्रतिलिपि।

५) स्थानीय तहबाट नक्शा पास, निर्माण सम्पन्नता प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित घर वा फ्ल्याटको फ्लोर प्लान।

६) पछिल्लो आ.व को तिरो तिरेको रसिद, कर चुक्ताको प्रतिलिपि।

७) घरधनीले घरभाडामा दिन चाहेको मूल्य र अवधि खुलेको निवेदन।

८) कानुन बमोजिम तोकिएको अन्य कागजात।

**प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८१/०४/२२ गते कार्यालय समय भित्र**


विद्युत नियमन आयोग

सानो गौचरण, काठमाडौं

फोन. नं: ०१-४४२२४४२, ४४३९००४, ४४४३३९०

E-mail: info@erc.gov.np